Good Neighbors International

# Terms of Reference (TOR)

# कक्षाकोठा व्यवस्थापन र राहत सामग्री खरिद सम्बन्धी दरभाउ पत्र आह्वान

## १. परिचय

गुड नेवर्स इन्टरनेशनल नेपालले विगत २ दशकदेखि ललितपुर जिल्लाको गोदावरी नगरपालिका र कोन्ज्योसोम गाँउपालिकाका केही वडाहरुमा सामुदायिक विकास परियोजना सञ्चालन गर्दै आईरहेको छ । मिति २०८१ असोज ११ र १२ को भारी वर्षा र तत्पश्चातको अत्यधिक बाढी, पहिरोको कारण यस क्षेत्रमा पनि ठूलो जनधनको क्षति भएको र हजारौ संख्यामा प्रभावित परिवारहरु विस्थापित भएको छन् । यसै सन्दर्भमा, गुड नेवर्स इन्टरनेशनल नेपालले प्रभावित परिवारहरुको सुरक्षित पुन:स्थापना सहयोगको लागि सम्बन्धित स्थानीय सरकारसँगको समन्वयमा कक्षाकोठा व्यवसथापन र राहत सामग्री सहयोग प्रदान गर्न गईरहेको छ ।

## २. उद्देश्य

यस उद्धार तथा राहत सामग्री कार्यक्रमको प्रमुख उद्देश्य निम्नअनुसार रहेको छ ।

- बाढी तथा पहिरो प्रभावित परिवार र विद्यालयलाई आवश्यक कक्षाकोठा व्यवसथापन र राहत सामग्रीको व्यवस्था गरी सहज पुनर्स्थापनाको लागि सहजिकरण गर्नु ।

## ३. कार्यक्रमको क्षेत्र

यस कार्यक्रमको क्षेत्रले प्राविधिक तथा विशिष्टिकरण तालिकामा उल्लेख गरेको: विद्यालय कक्षाकोठा व्यवस्थापन तथा सिकाई सामग्री, दैनिक सरसफाई सामग्री, दैनिक आपुर्तिको सामग्री, लुगा कपडा तथा तोकिएको अन्य सामग्रीहरुको परिमाण, गुणस्तर, ढुवानी समय तथा स्थानको बारेमा उल्लेख गर्दछ ।

## ४. बोलपत्रका कागजातहरु

यस सिलबन्दी बोलपत्र आह्वानमा कार्यक्रमको क्षेत्र, बोलपत्रको प्रक्रिया, र सम्झौताका सर्तहरुका बारेमा उल्लेख गरिएको छ । यस आह्वानमा, निम्नानुसारका फाईलहरु समावेश गरिएको छ ।

- खरिद गरिने सामग्रीहरुको विशिष्टिकरण विवरण/सुची र बोलपत्र फारम
- सर्तनामाहरु (TOR)

बोलपत्र आवेदकले बोलपत्र आह्वानमा समावेश गरिएका कागजातहरु, TOR, विशिष्टिकृत विवरण/सुची र बोलपत्र फारममा दिईएका सबै विवरण र सर्तनामाहरुका बारेमा राम्ररी अध्ययन र विश्लेषण गर्नुपर्नेछ । TOR मा उल्लेख गरिएका कागजातहरु अपुग भई आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

## ५. बोलपत्रको तयारी

### ५.१ बोलपत्रको भाषा

बोलपत्र आवेदकले तयार पारेको वा पार्ने बोलपत्र, सम्बन्धित कागजात तथा अन्य निर्णय सम्बन्धिका कागजात वा सुचनाहरु अँग्रेजी वा नेपाली वा अँग्रेजी नेपाली दुईटै भाषामा लेख्न वा तयार पार्न सकिने छ ।

### ५.२ बोलपत्रमा समावेश गर्नुपर्ने कागजातहरु

बोलपत्र आवेदकले तयार गर्ने वा पेश गर्ने बोलपत्रले तपशिल बमोजिमको कागजात पेश गरेको हुनु पर्नेछ ।

५.२.१ विशिष्टिकरण विवरण/सुची बोलपत्र फारम र अन्य समय तालिका अनिवार्य रुपले दिईएको नमुना (Format) अनुसार हुनु पर्नेछ ।

५.२.२ अन्य आवश्यक बोलपत्र कागजातहरू हुनुपर्नेछ ।

५.२.३ बोलपत्रमा हस्ताक्षर गर्ने व्यक्तिको पूर्णरुपमा अख्तियारनामा/अधिकार प्राप्त हुनुपर्नेछ ।

**५.४ बोलपत्रको मूल्य**

५.४.१. बोलपत्र आवेदकले बोलपत्रमा आव्हान गरिएको, बोलपत्रको सबै क्षेत्र खुल्ने गरी, प्रत्येक ईकाईको विस्तृत मुल्य पेश गर्नु पर्नेछ। जम्मा बोलपत्र मुल्यले, आपुर्तिकर्ताले, व्यहोर्नु पर्ने, तोकिएको सबै अनिवार्यताहरु, वा तथ्यपरक तरिकाले, बोलपत्रमा संलग्न कागजातहरुले तोके बमोजिमले हुन आउने, डिजाईन, आपुर्ति प्रत्येक सामानको सुहाउँदो ईकाई मुल्य र कुल परिमाणबाट हुन आउने जम्मा मुल्य, अंक र अक्षरमा प्रष्ट रुपमा लेख्नुपर्नेछ । बोलपत्रमा प्रस्तुत गरिने मुल्य, दुईटै अंक र अक्षरमा नेपाली रुपैयामा हुनुपर्नेछ ।  मूल्य अंक र अक्षर फरक पर्न गएमा कम दर जनाउले लाई मान्यता दिइने छ ।

५.४.२ बोलपत्र आवेदकले अनुसूचीमा उल्लेखभएको सबै सामग्रीहरु वा आफूले सप्लाई गर्नु सक्ने कुनै एक अनुसूचीको दरभाउ पत्र समावेस गर्ने सक्ने छ ।

५.४.३ बोलपत्र आवेदकले पेश गरेको बोलपत्र मुल्यले, सबैप्रकारको मुल्य, कर्तव्य, कर र कार्यान्वयन गर्दाको हुन आउने सबै खर्चको विस्तृत विवरण पेश हुनु पर्नेछ ।

५.४.४ बोल पत्र कर्ताले तोकिएको ठाँउमा ढुवानी गर्नु पर्ने छ र ढुवानी दर प्रति त्रिपको मूल्य  पेश गर्नु पर्ने छ ।

**५.५ बोलपत्रको वैद्य समयाअवधि**

५.५.१ बोलपत्रको वैद्य समयाअवधी, बोलपत्र खुलेको दिनदेखि ५ दिनको हुनेछ ।

**५.६ बोलपत्रको हस्ताक्षर र नमुना**

५.६.१ बोलपत्रको सक्कल कपी टाईप वा नमेटिने मसिले लेखी, कम्पनी वा फर्मको आधिकारीक व्यक्ति वा अख्तियारनामा प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनु पर्नेछ। त्यस्तो अख्तियारनामा लिखित रुपमै दिईएको पत्र बोलपत्र संगै पेश गर्नु पर्नेछ (यदि अख्तियारी दिएको खण्डमा) ।

५.६.२ बोलपत्रमा गल्ति सच्याउन, (अनिवार्यता बाहेक) कुनै पनि किसिमको थपघट वा केरमेट गर्नु हुदैन । यदि सच्याईएको छ भने, आधिकारीक व्यक्तिको हस्ताक्षर अनिवार्य हुनु पर्नेछ ।

## ६. बोलपत्र पेश

**६.१ बोलपत्रको सिलबन्दी**

६.१.१ बोलपत्रको पेश: बोलपत्रको सक्कली कागजातहरु (Hard Copies) सिलबन्द लाहाछाप गरी बोलपत्र आह्वानको अन्तिम समय अगावै खरिदकर्ता समक्ष पेश गर्नु पर्नेछ ।

६.१.३ बोलपत्र आवेदकले व्यक्तिमार्फत बोलपत्र पठाउन सक्नेछन र सम्बन्धित तोकिएको संस्थामा दर्ता गर्नु पर्ने छ ।

**६.३ ढिलो गरी प्राप्त हुने बोलपत्र**

बोलपत्र पेशका लागि तोकेको अन्तिम मिति नाघेर, खरिदकर्ता समक्ष प्राप्त भएका कुनै पनि बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

**६.४ बोलपत्रको परिमार्जन तथा फिर्ता**

बोलपत्र आवेदकलाई, एक पटक पेश गरिसकेको बोलपत्र पुन परिमार्जन गर्न तथा फिर्ता लिन अनुमति हुनेछैन ।

## ७. बोलपत्रको मूल्याङकन

बोलपत्रको मूल्याङकन तपशिल बमोजिम प्रक्रियागत चरणमा हुनेछ ।

**७.१ गोपनियता**

बोलपत्र परीक्षण, स्पष्टता, तुलना, मूल्याङकन आदिका बारेमा कुनै पनि सूचना, बोलपत्र आवेदक वा अन्य कुनै अनाधिकृत व्यक्तिलाई प्रदान गरिने छैन । समग्र बोलपत्रको मूल्याङकन वा छनौट प्रक्रिया वा निर्णय प्रक्रियालाई प्रभावित पार्ने गरी

कुनै पनि आवेदक कम्पनी वा फर्मबाट प्राप्त प्रयासहरुले उक्त कम्पनी वा फर्मको बोलपत्र अस्विकृत गर्न/गराउन बाध्य पार्नेछ ।

**७.२ बोलपत्रको स्पष्टिकरण**

बोलपत्रको परीक्षण, तुलना र मूल्याङ्कन प्रक्रियालाई थप सहजता खोज्न, खरिदकर्ताले बोलपत्र आवेदकलाई समझदारी पुर्वक, बोलपत्रमा थप स्पष्टताका बारेमा सोध्न सक्नेछ ।

## ८. बोलपत्रको प्रारम्भिक परीक्षण

८.१ खरिदकर्ताले प्राप्त बोलपत्र उपर, आवश्यक कागजात पूर्ण भए/नभएको, कुनै टाईपिङ/ लेखन सम्बन्धी गल्ती भए/नभएको, हरेक कागजातमा आधिकारीक हस्ताक्षर भए/नभएको र तोकिएको कागजातहरु क्रमबद्ध भए/नभएको एकिन गर्नका लागी प्रारम्भिक निरिक्षण गर्नेछ ।

८.२ गणितिय गल्तिहरु तपशिल बमोजिम समायोजन गरिने छन् ।

- यदि प्रति ईकाई मुल्य र जम्मा मुल्यमा फरक देखिएमा, प्रति ईकाई मुल्यलाई जम्मा परिमाणसंग गुणन गरि जम्मा मुल्य निकालिने छ र प्रति ईकाई मुल्यको आधारमा जम्मा मुल्य सच्चाईने छ ।
- यदि जम्मा रकम र प्रति ईकाईको दररेटबाट हुन आउने जम्मा रकममा फरक देखिएमा, प्रति ईकाईको जम्मा दररेट यथावत रहने छ र जम्मा रकम सच्चाईनेछ ।

८.३ विस्तृत मूल्याङ्न पुर्व, बोलपत्र आवेदक कर्ताको वास्तविक अनुकुलता थाहा पाउन, उत्पादन क्षमता र प्राप्त सामानको गुणस्तरको आधारमा आवेदक कम्पनी वा फर्मको अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

८.४ यदि कुनै बोलपत्र आवेदक कम्पनीको निरिक्षण गर्दा, प्राप्त प्रतिक्रिया उपर्युक्त नदेखिएमा, त्यस्ता आवेदक कम्पनीलाई खरिदकर्ताले अस्विकार गर्नेछ, वा पुन समायोजनका लागी जानकारी गर्न सक्नेछ ।

८.५ छनौट भएको सप्लायर्स सम्झौता भएको ३ दिन भित्र सामग्रीहरु उपलब्ध गराउनु पर्ने छ ।

## ९. बोलपत्रको तुलना तथा मूल्याङ्कन

९.१ बोलपत्रको मूल्याङ्कन बोलपत्रमा समाबेश गरिएको प्रतिस्पर्धामा आधारित मुल्य र प्राप्त नमुना सामानको गुणस्तरीयताको आधारमा गरिने छ ।

९.२ बोलपत्रको लागि तोकिएको अनिवार्य आवश्यक कागजतहरु (१६ को क) अनुसार नभएमा मूल्यांकन प्रक्रियामा सहभागी गरिने छैन् ।

## १०. कुनै पनि बोलपत्रलाई स्विकार तथा कुनै पनि बोलपत्र वा सबै बोलपत्रलाई अस्विकार गर्ने अधिकार

कुनै पनि बोलपत्र सुचना दिएर वा कुनै सुचना विना नै छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित हुनेछ ।

## ११. बोलपत्र छनौट

११.१ खरिद कर्ताले कुनै पनि सफल बोलपत्र आवेदकलाई, सबैभन्दा कम दररेट भएको, नमुना परीक्षण गर्दा राम्रो गुणस्तरको सामग्री पाईएको तथा कम्पनी/फर्मको निरिक्षण गर्दा सन्तोषजनक कार्यक्षमता भएको आदि सुचकको आधारमा बोलपत्र छनौट गर्नेछ ।

११.२ आवश्यकताको आधारमा खरिद कर्ताले छोटोसूचिमा परेका उत्कृष्ट बोलपत्र आबेदकलाई सामग्रीको सुचिकृत मूल्यमा पूनः मोलमोलाई गरी उत्कृष्ट बोलपत्र छनोट गरिनेछ ।

## १२. सामानको परिमाणमा परिवर्तन गर्न सक्ने अधिकार

TOR मा कुनै परिवर्तन नहुनेगरी, खरिद कर्ताले तोकिएको परिमाणमा, खरिद माग गर्दा आवश्यकता अनुसार परिमाण घटाउन तथा बढाउन सक्नेछ ।

## १३. बजेट तथा भुक्तानीको माध्यम

- भुक्तानी सम्बन्धित कम्पनीको बैंक खातामा जम्मा गरिनेछ ।
- भुक्तानी Account Payee Cheque मार्फत मात्र हुनेछ ।
- यस परियोजनामा अग्रिम भुक्तानीको कुनै पनि प्रावधान हुने छैन ।

## १४. बोलपत्र आवदेकको न्यूनतम योग्यता

नेपाल सरकारको आधिकारीक निकायमा दर्ता भएको, सम्बन्धित क्षेत्रमा पर्याप्त कार्य अनुभव भएको योग्य कम्पनी वा फर्म तथा निजि संस्थाहरुले यस प्रक्रियाको लागी आवेदन पेश गर्न सक्नेछन् ।

कम्पनी वा फर्मको पर्याप्त अनुभव वा विज्ञता यस प्रकार हुनु पर्नेछ ।

- तोकिएको सामग्री आपुर्ति सम्बन्धी पर्याप्त ज्ञान तथा अनुभव भएको ।
- परियोजनाको कार्यसम्पादन पुरा गर्नका लागि पर्याप्त मानव स्रोत साधन, मेसिन तथा औजारहरुको व्यवस्था भएको ।
- पारदर्शिता तथा जवाफदेहिता कायम गर्न सक्ने संस्थागत क्षमता भएको ।

## १५. कम्पनी/फर्मको जिम्मेवारी

कम्पनी/फर्मले ToR मा उल्लेखित कार्य, तोकिएको बजेट तथा समय सिमाभित्र पुरा गर्न जिम्मेवार हुनेछ ।

## १६. बोलपत्र आवेदक कम्पनी/फर्मले बुझाउनु पर्ने आवश्यक कागजातहरु

**क) अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः**

- कम्पनी वा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी
- आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ताको प्रमाण पत्र प्रतिलिपी वा म्याद थपको प्रतिलिपी
- VAT दर्ताको प्रमाण पत्र प्रतिलिपी

नोटः माथि उल्लेखित सबै कागजातहरु पेश गर्नुपर्ने छ । कुनै कागजातहरु अपुग भएमा सो आवदेक वा कम्पनी/फर्मलाई मूल्यांकन प्रक्रियामा सहभागि गराइने छैन ।

**ख) सान्दर्भिक अन्य कागजातहरुः**

- गत आर्थिक बर्षको अडिट रिपोर्ट प्रतिलिपी
- अन्य कुनै संस्था, कम्पनी वा फर्मसंग यस्तै वा सम्बन्धीत कार्य अनुभवको कृतज्ञता, क्षमता तथा सेवा प्रदायको बारेमा लेखिएको चिठी वा कागजात ।

## १७. कार्य व्यवस्थापन

छनौट भएको कम्पनी वा फर्मले, कार्य मूल्याङकनको व्यवस्थापन र समयमै अपेक्षित गुणस्तरको काम/सेवा प्रदानको लागि जवाफदेही हुनु पर्नेछ ।

## १८. सम्झौताको खारेजी

यदि कम्पनी वा फर्मले सम्झौता प्रतिकुल हुनेगरी कुनै कानुनी वा प्रक्रियागत कार्यगरेको देखिएमा, खरिदकर्ताले सम्झौताको खारेजी गर्न सक्नेछ । तर यस प्रकारको सम्झौता खारेजी गर्नका लागी खरिदकर्ताले सम्बन्धित कम्पनी वा फर्मलाई सम्झौताको खारेजी सम्बन्धी ७ दिन पुर्व लिखित जानकारी गराउनेछ ।

## २१. गोपनियता

सम्झौता कार्यान्वयनको अवधिभर वा सम्झौता समाप्त वा खारेजी भएको कुनै पनि समयमा, कम्पनी वा फर्मले कुनै पनि व्यक्तिसंग, यस सम्झौतासंग कुनैपनि गोप्य सुचना, प्रचार/प्रसारण गर्ने छैन ।

## २२. प्रतिलिपी

यस ToR मा उल्लेखित, कम्पनी वा फर्मले पेश गरेको कागजातहरुको सम्पूर्ण प्रतिलिपी अधिकार संस्थामा निहित हुनेछ ।

## २३. प्रस्तावना वा बोलपत्र पेश गर्ने माध्याम

बोलपत्र वा प्रस्तावना व्यक्ति स्वंयम् वा अधिकार प्राप्त प्रतिनिधि उपस्थित भई मिति.२०८१ कात्तिक ६ गते (22$^{nd}$ October 2024) कार्यालय समय भित्र, तपशिलमा उल्लेखित ठेगानामा आईपुग्नु पर्नेछ ।

**<u>तपशिलः</u>**

१. गुड नेवर्स इन्टरनेशनल नेपालको कार्यालय, लगनखेल, ललितपुर, (कर्मचारी सञ्चयकोषको भवन। पाँचौ तला)

फोन नं ०१-५४३८७५८/ ०१-५४२०४९३ अथवा

२. procurement@gninepal.org

*सबै कर्मचारी र परामर्शदाताहरुले गुड नेवर्स इन्टरनेशनल नेपालको आचारसंहिता विशेष गरी बाल संरक्षण र यौन शोषण र दुर्व्यवहारबाट सुरक्षा सम्बन्धी प्रावधानहरु पालना गर्नुपर्छ । हाम्रो प्रोटोकल अनुसार कुनै पनि दुर्व्यवहारको घटनालाई छिटो अनुसन्धान गरिनेछ ।*